म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१४ बिहीबार १ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 14 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अग्निपीडितलाई पालुङ जेसीजको सहयोग


हेटौंडा, ३० फागुन/मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-११ मालागिरीका अग्निपीडितलाई पालुङ जेसीजले आर्थिक सहयोग गरेको छ । ३० फागुनमा जेसीज अध्यक्ष निरज रायमाझीसहितको टोली पीडितको घर पुगेर नगद सहयोग गरेको हो । पालुङ जेसीजका अध्यक्ष रायमाझी, पूर्वअध्यक्षद्वय सुरेन्द्रमान प्रधान, नवराज लामालगायतको टोलीले नगद ३२ हजार १ सय ७५ रुपैयाँ सहयोग प्रदान गरेको हो । सहयोग रकम वितरण गर्दै पूर्वअध्यक्ष प्रधानले समुदाय समस्या पर्दा एकअर्काले सहयोग गर्ने नेपालीको परम्परा समेत भएको हुँदा सबैलाई सहयोगमा जुट्न आव्हान गरे ।

अध्यक्ष रायमाझीले जेसीजले तत्कालका लागि नगद सहयोग गरेको बताउँदै मानवताको सेवामा जुट्न आग्रह गरेका हुन् । कार्यक्रम ११ नम्बर वडाअध्यक्ष दिनेश बलको प्रमुख आतिथ्यतामा भएको हो । थाहा-११ मालागिरीका सुरेन्द्र लामाको घर २४ फागुनमा विद्युतीय तार सर्ट भएर आगलागी भएको थियो । आगलागीबाट लामाको घरमा पूर्णक्षति भएको प्रहरीले जनाएको छ ।

# बागमती सत्तासंकट टार्न राप्रपा फकाउँदै एमाले-माओवादी

साझाकुरा संवाददाता





हेटौंडा, ३० फागुन/ बागमती प्रदेशमा दुइ सिटको हाम्रो नेपाली पार्टी सरकारमा आउन आलटाल गरिरहेका बेला सत्तागठबन्धनका दुई प्रमुख घटक नेकपा एमाले र माओवादी केन्द्र राप्रपालाई फकाउने कसरतमा छन् ।

प्रदेश सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र र गठबन्धनको ठूलो दल नेकपा एमालेले राप्रपालाई सरकारमा सहभागी हुन औपचारिक प्रस्ताव राखेको छ । राप्रपाले भने परिस्थिति हेरेर निर्णय लिने जवाफ दिएको नेताहरुले बताएका छन् । बागमतीमा गठबन्धनका माओवादी, एमाले, नेकपा (एकीकृत समाजवादी) र राप्रपा मिले सहजै सरकार बन्छ । तर, राप्रपा पनि सहजै सरकारमा सहभागी हुने स्थितिमा देखिँदैन ।

११० सदस्य प्रदेशसभामा सरकारलाई बहुमत पुऱ्याउन ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् । राप्रपासहित गठबन्धनको सरकार बने ६८ सांसदको समर्थन रहन्छ ।

राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले परिस्थिति हेरेर निर्णय लिने बताए । थापाले प्रदेश सरकारमा सहभागी हुन नसक्ने गरी पार्टीले निर्णय नगरेको बताउँदै अवस्था हेरेर शालिकराम जम्कट्टेल नेतृत्वको सरकारलाई समर्थन गर्न सक्ने संकेत गरे । 'अनिर्णयको बन्दी हुने अवस्था आएमा, निर्वाचनमा जाने अवस्था र हामीले नै निकाश दिन पर्ने अवस्थामा पार्टीले सहज बनाएको कुराकानी हो,' थापाले भने ।

वर्तमान अवस्थामै प्रदेश सरकारमा जान नसक्ने उनले बताए । राप्रपाले तत्काल आन्दोलनलाई जोड दिएको उनको भनाई छ । राप्रपालाई सडकमा उठाइएका मुद्दा सदनमा प्रस्तुत गर्नु भनेर निर्वाचनबाट जनताले म्यान्डेट दिएको बताउँदै थापाले भने, 'पहिला हामीले नै सरकारबाट राजीनामा दिएर निस्किएका हौं । कसैले हटाएको, विवश बनाएको पनि हैन । अहिले सरकारसँग धेरै विकल्प छ । त्यही विकल्पमा उहाँहरु लागिरहनु भएको छ,' ।

सरकारपक्ष र एमालेले राप्रपा भएमा सुविधाजनक हुने र काम गर्ने वातावरण बन्ने भएकाले सरकारमा आउन प्रस्ताव गरेको थापाले जनाए । 'मुख्यमन्त्रीज्यू र सत्तामा जान लागेका दलले भन्नु भएको छ । अहिले हतार गरेर सत्तामा गइहाल्ने हाम्रो इच्छा हैन । त्यो परिस्थितिको कुरा हो, यसबारेमा सोच्छौं,' थापाले भनेका छन् ।

मुख्यमन्त्री जम्कट्टेल नयाँ सरकार विस्तारलाई लिएर संकटमा छन् । केन्द्रीय गठबन्धनका साझेदार दलमध्ये प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले, नेकपा माओवादी र नेकपा (एकीकृत समाजवादी)को सिट संख्याले मात्रै सरकार बनाउन बहुमत नपुग्ने भएकाले साना दललाई समेट्नु पर्ने दबाव छ । २३ फागुनमा नेपाली कांग्रेसका ६ जना मन्त्रीले राजीनामा दिएर सरकारलाई लिएको समर्थन फिर्ता गरेसँगै जम्कट्टेल अल्पमतमा छन् ।

विश्वासको मत पाउन जम्कट्टेललाई राप्रपा, हाम्रो नेपाली पार्टी (हानेपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) लाई सरकारमा ल्याउनुको विकल्प छैन । नेमकिपा सरकारमा नजाने निश्चित प्रायः छ । गठबन्धन बाहिरका कांग्रेस, राप्रपा र हानेपा मिले पनि सरकार बन्ने अवस्था छैन ।

२५ पुस ०७९ मा गठित आफ्नै नेतृत्वको सरकारलाई समर्थन गरेर विश्वासको मत दिएको हानेपालाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री जम्कट्टेल लागि परेका छन् । तर, हानेपाले जम्कट्टेलको सरकारमा सहभागी हुने प्रस्ताव सहजै स्वीकार नगरेकोले उनलाई दबाब बढेको छ । मंगलबार हेटौंडा आउने तरखरमा रहेका हानेपा संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य काठमाडौंमै रोकिएका थिए । नेपाली कांग्रेसले पनि हानेपालाई रोक्न प्रयास गरिरहेको छ । जसकारण जम्कट्टेल राप्रपाको समर्थन खोजी गरिरहेका छन् ।

बागमतीको १२ सदस्यीय मन्त्रिपरिषदमा हाल सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रबाट मुख्यमन्त्रीसहित चार, नेकपा (एकीकृत समाजवादी)का दुई जना मन्त्री छन् । नेपाली कांग्रेसले छोडेको ६ वटा मन्त्रालयमा भागबण्डा गर्ने तयारीमा मुख्यमन्त्री जम्कट्टेल देखिन्छन् । यद्यपि, सरकार बहुमत पुऱ्याउने दबाबका बीच दलहरुसँग छलफलमा रहेकाले प्रदेश गठबन्धनमा भागबण्डाको विषयले प्रवेश पाइनसकेको नेताहरुले बताएका छन् ।

# सहकारी दिवस मनाउन प्रदेशस्तरीय समिति

साझाकुरा संवाददाता



हेटौंडा, ३० फागुन/६७ औं राष्ट्रिय सहकारी दिवस बागमती प्रदेशस्तरमा मनाउन एक हजार एक सदस्यीय मूल समारोह समिति गठन गरिएको छ । आगामी ३० चैतमा सहकारी दिवस मनाईंदै छ ।

बुधबार मकवानपुर जिल्ला सहकारी संघको आयोजनामा भएको सहकारी सञ्जालको बैठकले बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा मूल समारोह समिति गठन गरेको हो । सहकारी दिवसलाई अनुशासित, व्यवस्थित र मर्यादितरुपमा भव्यताका साथ सम्पन्न गर्न बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव हरिशरण पुडासैनीलाई प्रमुख सल्लाहकार, सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल र केन्द्रीय दुग्ध सहकारी संघका सञ्चालक बिदुर हुमागाईलाई सल्लाहकार मनोनयन गरिएको छ ।

मूल समारोह समितिको सहसंयोजकमा बागमती प्रदेश सहकारी संघ लिमिटेडका अध्यक्ष रामशरण घिमिरे र सदस्य सचिवमा बागमती प्रदेश सहकारी माहाशाखाका रजिष्ट्रार रोहित पोखरेल रहेका छन् । समितिमा सहकारी सम्बद्ध संस्थाका सञ्चालक र लेखासमिति सदस्यहरु, बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका लेखाअधिकृत विनोद प्रधान, योजनाअधिकृत उत्तम चापागाईसहितका कर्मचारी, प्रदेशका १३ वटै जिल्लाका जिल्ला सहकारी संघका संचालक, लेखासमिति र पूर्वअध्यक्षलाई सदस्य बनाइएको छ ।

बैठकले सहकारी दिवसको गतिबिधि र कार्यक्रमलाई व्यवस्थित बनाउन आवश्यक समन्वय गर्नका लागि सचिवालय समेत गठन गरेको छ । सचिवालयमा मूल आयोजक समिति संयोजक देवकोटा, सहसंयोजक बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण घिमिरे, सदस्य सचिव बागमती प्रदेश सहकारी माहाशाखाका रजिष्ट्रार रोहित पोखरेललगायत छन् । चैत महिनाभर प्रदेशभरका सहकारी संघ संस्थाले विविध रचनात्मक कार्यक्रम गर्ने समितिले जनाएको छ । नेपालको पहिलो सहकारी चितवनको बखान ऋण सहकारी स्थापना भएको दिन ३० चैतमा राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ ।

# भानुका दुई विद्यार्थीलाई रानीको छात्रवृत्ति

साझाकुरा संवाददाता



हेटौंडा, ३० फागुन/ हेटौंडा-६, चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले मकवानपुर गढीको भानु माध्यमिक विद्यालययका दुई विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

वन समूहको चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार बुधवार भानु मावि, मकवानपुरगढी-३ मक्रान्चुलीमा कक्षा ११ मा अध्ययनरत स्मृति घिसिङ र कक्षा १२ मा अध्ययनरत निकिता ढकाललाई छात्रवृत्ति प्रदान गरेको हो । समूहको सेवाक्षेत्र भित्र रहेका दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको समूहका कार्यालय सचिव भीमसेन पौडेलले बताए ।

छात्रवृत्ति वितरण कार्यक्रममा मकवानपुरगढी-३ का वडासदस्य विदुर हुमागाई, समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, कार्यसमिति सदस्य शत्रुघन दुलाल, विद्यालयका प्रअ राजेन्द्र थापा, सहायक प्रअ शिवराम फूयाँल, समूहका वन हेरालु हरिचन्द्र सापकोटा, विद्यालयका शिक्षक, शिक्षिका, कर्मचारी, विद्यार्थीलगायतको सहभागिता थियो । रानी वनले यसअघि बंशगोपाल मावि, चौघडामा अध्ययनरत दुई विद्यार्थीलाई पनि छात्रवृत्ति दिएको थियो ।

# बाराहीका पूर्वविद्यार्थीले विद्यालयलाई गरे सहयोग




साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडा-१ लालझाडीस्थित बाराही आधारभूत विद्यालयमा शैक्षिक सत्र २०६४ मा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीले विद्यालयलाई शैक्षिक सामग्री, खेलसामग्री र साउण्ड सिष्टम सहयोग गरेका छन् ।

हेटौंडा उपमहानगरका प्रवक्ता सबिन न्यौपानेको प्रमुख आतिथ्यता, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष उत्तमकुमार तामाङ, प्रधानाध्यापक मञ्जु देवकोटाको बिशिष्ट आतिथ्य, २०६४ का विद्यार्थी समूहका सन्देश अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा बिभिन्न ब्यक्तिलाई सम्मान गरिएको हो ।

प्रमुख अतिथि हेटौंडा उपमहानगर प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष न्यौपानेले पूर्वविद्यार्थीको न्यानो मायाले विद्यालयको विकास सम्भवन हुने बताए । प्रवक्ता न्यौपानेले पूर्वविद्यार्थीले विद्यालयको विकासमा निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताए । विद्यालय र विद्यार्थीको समग्र क्षमतावृद्धिमा वडा कार्यालयले काम गरिरहेको न्यौपानेले स्पष्ट पारेका थिए ।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक मञ्जु देवकोटा, पूर्वप्रधानाध्यापक नारायणप्राद देवकोटा, पूर्वशिक्षक सरला बास्कोटा, रमिला घिमिरे, बिद्याकुमारी आले, सुनिता लामिछाने, सानु आले, दिनेश देवकोटालाई सम्मानीत गरिएको हो । प्रमुख अतिथि नगरप्रवक्ता तथा वडाअध्यक्ष न्यौपानेले सम्मानीत गरेका हुन् । आफूहरुलाई शिक्षादीक्षा प्रदान गरी जीवनको उज्यालो गारेटोमा डोहोऱ्याउने गुरबर्ग र समाजका अगुवालाई सम्मान गरिएको पूर्वविद्यार्थी मनोहर दाहालले बताए ।

विद्यालयका सप्रअ हेमलाल घिमिरे, शिक्षक लक्ष्मी अधिकारी, संगीता लम्साल, सीतामाया घलान, बिन्दु अधिकारी, टिनम लामा मोक्तान, अप्सरा पौडेल, रोशनी लामा गुरुङ, ईना बर्तौला र कार्यालय सहयोगी चमेली पाखिनलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# समाजवादीको १७ नम्बर वडाअध्यक्षमा रामकुमार

साझाकुरा संवाददाता



हेटौंडा, ३० फागुन/ नेकपा (एकीकृत समाजवादी) हेटौंडा उपमहानगरपालिका-१७ वडा कमिटीको अध्यक्षमा रामकुमार अर्याल चयन भएका छन् ।

बुधबार भएको वडा अधिवेसनले अर्यालको अध्यक्षतामा २१ सदस्य वडा कमिटी गठन गरेको हो । कमिटीको महिला उपाध्यक्षमा सरिता मिश्र, उपाध्यक्षमा जयबहादुर राई, सचिवमा नारायण ढकाल र उपसचिवद्वयमा अनिशा न्यौपाने र शम्भुकुमार श्रेष्ठ चयन भएका छन् ।

नेकपा एसका पोलिटव्युरो सदस्य घनप्रसाद गौतमको प्रमुख आतिथ्यमा भएको वडा भेलामा नेकपा एसका केन्द्रीय सदस्य तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, पार्टीका जिल्ला अध्यक्ष बिष्णुप्रसाद दाहाल, जिल्ला सचिव ध्रुवबहादुर भुजेल, सचिवालय सदस्य किशोर बर्तौला, पार्टी नगरकमिटी सचिव सफल अधिकारी, युवा संघ मकवानपुरका अध्यक्ष किरणमान बललगायतको आतिथ्यता थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सांसदका पासोमा बजेट

बागमती प्रदेश सरकार र विपक्षी दलबीचको बजेट विवाद निरुपणका लागि गठित संसदीय विशेष समितिले प्रतिवेदन बुझाएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा विशेष समितिको प्रतिवेदन पेश भएको छ । बजेट तथा कार्यक्रम विशेष समितिको संयोजक गोविन्दप्रसाद लम्सालले विशेष समितिको प्रतिवेदनको प्रस्ताव टेबुल गरेका हुन् । सभामुखलाई बैठक सञ्चालन हुनु भन्दा अगाडि बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति संयोजकले प्रतिवेदन बुझाएका थिए । १७ फागुनमा बसेको प्रदेशसभा बैठकले चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा सरकारले विपक्षी दल नेकपा एमाले र राप्रपाको सांसदहरुको योजना समेट्न गरेको लिखित सहमति कार्यान्वयनका लागि संसदीय विशेष समिति गठन गरेको थियो । समितिले विज्ञसहितको छलफलबाट ११ दिनमा प्रतिवेदन तयार पारेको बताइएको छ । समितिले सहमति कार्यान्वयन गर्न सरकारलाई आगामी चैत पहिलो हप्ताभित्रको समयसीमा तोकेको छ । यो गतिबिधिलाई घुमाउरो बाटोबाट बजेट पासोमा पार्ने काम मात्र भएको आम नागरिकको बुझाइ छ ।

बजेटको विषयमा सरकारका तर्फबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेल, निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा तथा प्रतिपक्षबाट एमालेका नेता जगन्नाथ थपलिया र राप्रपाका नेता उद्धव थापाबीच गत १८ असारमा सहमति भएको थियो । सहमति पश्चात २० असार ०८० मा बसेको मन्त्रिपरिषद् बैठकबाट सहमतिअनुसार बजेटमा योजना समेट्ने निर्णय भएको र हालसम्म कार्यान्वयनमा नआएको विषय प्रतिवेदनमा उल्लेख छ । सरकारले १ असारमा ६२ अर्ब ७० करोडको बजेट ल्याएको थियो । तर, विपक्षी दलहरुले विरोध गरेपछि छुटेका योजना समेट्ने प्रतिबद्धतासहित १८ असारमा सहमति भयो । सहमति कार्यान्वयन नभएको भन्दै दुबै दलले विरोध गरेपछि २२ असोजमा स्थगित भएको प्रदेशसभा १४० दिनपछि मंगलबार बस्यो । १५ फागुन यता पनि प्रदेशसभा बैठक सञ्चालनमा सहजता नदेखिएपछि विपक्षी दलको प्रस्तावमा संसदीय विशेष समिति गठन गरिएको थियो । समितिले सहमतिअनुसार सासंदहरुले थप गर्न दिएका आयोजना सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले बजेट सूचना प्रणालीमा प्रविष्ट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले सहजिकरण गर्न सुझाव दिएको बताइएको छ । थप भएका आयोजनामा प्रस्ताव गरिएको बजेट अर्थ विविध वा अन्य शीर्षक अर्न्तगतको पुजींगततर्फको विनियोजित रकमबाट र कमान्तर गर्न समितिले सरकारलाई सुझाव दिएको छ ।

२० असार २०८० को मन्त्रिपरिषद्ले सहमतिअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तावित बजेटसहितका आयोजनाको सूचि कार्यान्वयनका लागि निर्देशनसहित पठाएको विषय समितिले प्रतिवेदनमा उल्लेख गरेको छ । थप आयोजनाको हकमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद ३ र आर्थिक कार्यविधि नियमावली, २०७४ को परिच्छेद ४ मा वार्षिक बजेट तर्जुमाको समयसीमा सहितको प्रक्रिया र आयोजना छनोट तथा बजेट बिनियोजन र मापदण्ड तोकिएको हुँदा ऐन, नियमअनुसार कार्यान्वयन गर्न सक्ने भएकाले पुजींगत खर्च गराउन प्रदेश सरकारलाई निर्देशन दिन प्रदेशसभालाई समितिले सिफारिस गरेको छ । सिफारिस योजना/कार्यक्रमको हकमा आगामी चैतको पहिलो हप्ताभित्र कार्यान्वयन सुरु गर्न सरकारलाई समयसीमा तोकी निर्देशन दिन सुझाव दिइएको छ । यो सबै खिचातानीका कारण समयमै बजेट कार्यान्वयन हुन सकेको छैन । सत्ता टिकाउनमा मात्र ध्यान केन्द्रित बनेका कारण प्रदेश सरकारको औचित्य कमजोर बन्दै गएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चेत २ गते शुक्रबार १५ मार्च २०२४ । पञ्चमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१५, सूर्यास्त ६:१२ । विश्व उपभोक्ता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# सफल होला त अर्थमन्त्रीको दोस्रो इनिङ ?

**भ्रमण व्ययको तथ्याङ्कलाई छाड्ने हो भने बाह्य क्षेत्रको सूचकाङ्कहरू सकारात्मक बन्दै गएको देखिन्छ । त्यसैले बाह्य क्षेत्रमा देखापर्दै गएको सकारात्मकतालाई पूँजीकृत गर्नका लागि पनि मुलुकको आन्तरिक अर्थतन्त्रमा दरिलो सुधार आवश्यक देखिन्छ**



✍ मनिकर कार्की

अघिल्लो साता मुलुकको राष्ट्रिय राजनीतिमा अप्रत्यासित हलचल पैदा भयो । कहींकतै स्पष्ट संकेत र पूर्वानुमान विना नै दलहरूबीच नयाँ राजनीतिक समीकरण बन्यो । सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वर्तमान संसद्को सबैभन्दा ठूलो सत्ता सहयात्री दल नेपाली कांग्रेसलाई चक्मा खुवाउँदै नयाँ समीकरण बनाए ।

प्रधानमन्त्रीले एकाएक प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र अर्को प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी सहित जनता समाजवादी पार्टीसँग नयाँ समीकरणको प्रारम्भिक सहमति गरे । त्यसको लगत्तै सत्ता सहयात्री दल नेकपा एकीकृत समाजवादी समेतलाई समावेश गरी पाँच पार्टीको संयुक्त सरकार बनाएका छन् । प्रचण्डले नेपाली राजनीतिमा 'आफू नमरुन्जेल उथलपुथल भइरहने' भन्दै नयाँ राजनीतिक समीकरणलाई त्यही उथलपुथलकारी घटनाको रूपमा प्रष्ट्याउने जमर्को गरे ।

तर, आम जनताको नजरमा भने यो राजनीतिक समीकरण उतिसारो चासो र चर्चाको विषय बनेन । किनकि यो कुनै संवैधानिक आवश्यकता र अपरिहार्यताले सिर्जना भएको समीकरण थिएन । यो त केवल प्रधानमन्त्रीले सरकार सञ्चालनका क्रममा खोजेको 'सहजता' मात्रै हो । यसले आफ्नो शासनसत्ताको समयावधि सुरक्षित हुने बाहेक जनताको जीवनचर्यासँग कुनै सरोकार राख्छ भन्नेमा कमैलाई विश्वास होला ।

तथापि संसदीय लोकतन्त्रमा यी र यस्ता घटना बारम्बार दोहोरिइरहेका छन् । अलिक आलोचनात्मक दृष्टि लगाउने हो भने त यस्ता गतिविधि अस्थिरतालाई संस्थागत गर्ने प्रयत्न मात्रै ठहरिन्छ । सरकार निर्माण र विनिर्माणको अन्त्यहीन शृंखलाले त्यही राजनीतिक असन्तुष्टि बढाउने बाहेक केही गर्दैन । तर, यसमा राजनीतिक नेतृत्वले सुझबुझ अपनाउन सकेको देखिएन । नयाँ भनिएका चर्चित दल र त्यसको नेतृत्व पनि सत्ताका लागि जस्तोसुकै हत्कण्डालाई आत्मसात् गर्न पछिपरेन । जसबाट 'सत्तालाई नै सबैथोक' ठान्ने प्रवृत्ति चरितार्थ भएको छ ।

१२ वर्षपछि अर्थमा वर्षमान

नेकपा माओवादीको तर्फबाट नयाँ सत्ता समीकरणको योजनाकार मानिएका वर्षमान पुनले पुन: अर्थ मन्त्रालयको जिम्मेवारी पाएका छन् । उनी १२ वर्षपछि पुन: अर्थमन्त्रीको जिम्मेवारीमा पुगेका हुन् । त्यसो त यो राजनीतिक परिवर्तनपछिको १५ वर्षे कालखण्डमा उनी मात्रै चौथो पटक मन्त्री बनिसकेका छन् । यस अर्थमा अर्थमन्त्री नेपाली अर्थ-राजनीतिका लागि कुनै नयाँ र कौतूहलका पात्र भने होइनन् । तथापि अर्थमन्त्रीले आफ्नो दोस्रो कार्यकाल सम्हाल्दै गर्दा आफू अर्थतन्त्रबारे विगतमा जस्तो अनभिज्ञ नभएको र सिक्नुपर्ने कुराहरू बाँकी नरहेकोले अर्थतन्त्रको सुधारका लागि ठोस काम गर्न सक्ने मन्तव्य दिएका छन् ।

अर्थमन्त्री पुनले १२ वर्षअघि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा संरचनागत परिवर्तनको आवश्यकता बाहेक मौजुदा अर्थतन्त्रको चालु गतिमा उतिसारो समस्या देखिएको थिएन । त्यतिबेला वैदेशिक रोजगारी फस्टाउँदै गर्दा विप्रेषण आयको मात्रा पनि बढ्दै गएको थियो । त्यसबेला करिब साढे चार खर्बको विप्रेषण आय भित्रिएको थियो । सरकारी खर्चको चाप पनि केही कमै थियो । सरकारी खर्च-आम्दानीको पुलिन्दा करिब रु.४ खर्बको थियो । अर्थतन्त्रको आकार करिब रु.१४ खर्बको मात्रै थियो । करिब साढे चार खर्बको आयात थियो भने करिब ७५ अर्बको निर्यात थियो ।

राजनीतिले अहिलेको जस्तो विश्वास गुमाएको थिएन भने जनतालाई पनि आजको जस्तो निराशाले छोपेको थिएन । आर्थिक गतिविधि बढ्दै गएको थियो । घरजग्गाको कारोबार चरमविन्दुमा पुगेको थियो । दिन दुगुना र रात चौगुनाका दरले कारोबार बढ्दो थियो । तथापि राज्य अनियन्त्रित रूपमा गुब्बारा झैं फुल्दै गएको घरजग्गाको मूल्यलाई नियन्त्रण गर्नतिर लाग्नुभन्दा पनि मालपोत दररेट पुनरावलोकन गरी राजस्व बढाउनेतिर व्यस्त देखिन्थ्यो । जसले अर्थतन्त्रमा असुली व्यवहार -रेन्ट सिकिङ) संस्थागत हुँदै गयो ।

तर, अहिलेको परिदृश्य बिल्कुल फरक छ । अर्थमन्त्रीले अर्थतन्त्र संकटग्रस्त हैन, समस्याग्रस्त छ भनेर अभिव्यक्ति दिँदै गर्दा पनि नेपालको अर्थतन्त्रको दिगोपनामा गम्भीर संरचनागत समस्या बढ्दै गएको अनुभूति हुन्छ । अवसरहरू साँघुरिँदै गएका छन् । राज्यले कर उठाउने दायरा पनि खुम्चिँदै गएको छ । कर उठाउने काइदाले पनि असुलीतन्त्रकै झल्को दिन्छ । अर्थतन्त्र चल्ने विश्वासले हो । तर, राज्यले जनस्तरबाट त्यो विश्वास गुमाउँदै गएको छ ।

प्रधानमन्त्रीकै शब्दमा सत्ता समीकरण बदलेर 'उथलपुथल' ल्याउन सहयोग गरेबापत यसपटक नेकपा एमालेले प्रधानमन्त्रीलाई 'कम्फर्टेबल' बनाउन गृह र अर्थ मन्त्रालयमध्ये कुनै एकको दाबीलाई समेत त्यागिदियो । त्यसैले अर्थ मन्त्रालय स्वयम् प्रधानमन्त्रीको पार्टीले पायो । अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा अर्थमन्त्रीले 'अर्थतन्त्र संकटको अवस्था नभएर समस्याको अवस्थामा रहेको' प्रतिक्रिया दिएका छन् । तथापि यो समस्यामा भने तत्कालीन मात्र नभई दीर्घकालीन संरचनागत समस्या जोडिएर आएको यथार्थ कसैबाट लुकेको छैन ।

अहिले अर्थतन्त्रमा गुमेको 'विश्वास' लाई कसरी पुनर्स्थापित गर्ने भन्ने नै महत्वपूर्ण सवाल हो । अर्थतन्त्रलाई संकट हैन, समस्याको अवस्थामा देख्ने अर्थमन्त्रीले अर्थतन्त्रमा गुमेको विश्वाससँगै राज्यसंयन्त्रप्रति नागरिकको बढ्दो अविश्वास, उपेक्षाभाव र घट्दो चासोलाई कसरी बदल्न सक्छन्, त्यो नै आजको मुख्य सवाल हो ।

त्यसो त यसअघिका अर्थमन्त्रीहरूले पनि अर्थतन्त्र सुधार गर्ने, रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउने र मुलुकलाई समृद्धिको दिशातर्फ लैजाने ओठे सेवा -माउथ सर्भिस) नदिएका होइनन् । १२ वर्षपछि 'खोलो फर्काउने' चेष्टामा रहेका अर्थमन्त्री पुनले अर्थतन्त्रमा गुमेको लय र विश्वासलाई फर्काउन सक्लान् ? त्यो भने भविष्यले नै बताउनेछ ।

### अर्थतन्त्रको संरचनागत समस्या

विगत लामो समयदेखि नेपालको अर्थतन्त्र संरचनागत समस्यामा फसेको छ । अर्थतन्त्रको आधारभूत समस्या भनेकै न्यून उत्पादन हो । मुलुकको आन्तरिक उत्पादन नगन्य हुनु र उपभोगकेन्द्रित आयात बढ्दै जानु नै अर्थतन्त्रको आधारभूत समस्या हो । हाम्रो अर्थतन्त्र यतिसम्म बरालिएको छ कि आधारभूत कृषि उत्पादन समेत हामी आयात गर्न बाध्य भएका छौं ।

सन् १९९० यताको आयात-निर्यातको ऐतिहासिक तथ्याङ्क मात्रै केलाउँदा पनि हामी निरन्तर व्यापार घाटामा छौं । केही अपवादलाई छाड्ने हो भने प्रत्येक वर्ष हाम्रो व्यापार घाटाले ऐतिहासिक रेकर्ड बनाएको देखिन्छ । भन्सार विभागको तथ्याङ्क अनुसार सन् १९९२/९३ मा रु.१६ अर्ब ३७ करोड कुल निर्यात रहेको थियो भने कुल आयात रु.३९ अर्ब २१ करोड हुँदा व्यापार घाटा रु.२२ अर्ब ८४ करोड रहेको थियो ।

मुलुकको अन्तर्राष्ट्रिय व्यापारको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष सन् २०२१/२२ मा आयात चुलिएर रु.१९ खर्ब २० अर्ब पुगेको थियो भने निर्यात रु.२ खर्ब मात्रै रहन गयो । सो वर्षको कुल व्यापार घाटा रु.१७ खर्ब २० अर्ब पुगेको देखिन्छ । गत आर्थिक वर्ष सन् २०२२/२३ मा भने सरकारले केही सीमित वस्तुको आयातमा अल्पकालीन प्रतिबन्ध लगाएसँगै आयातमा संकुचन आयो । जसका कारण आयात रु.१६ खर्ब १२ अर्बमा सीमित हुँदा निर्यात पनि रु.१ खर्ब ५७ अर्ब मात्रै रहन गयो । जसबाट व्यापार घाटा रु.१४ खर्ब ५५ अर्ब रहेको थियो ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०२३/२४ को पहिलो सात महिना अर्थात् २०८० माघ मसान्तसम्मको आयात रु.८ खर्ब ९८ अर्ब रहेको छ भने निर्यात भने मात्र रु.८७ अर्ब रहेको देखिन्छ । जसबाट व्यापार घाटा रु.८ खर्ब ११ अर्ब रहेको देखिन्छ । चालु आर्थिक वर्षका लागि वैदेशिक व्यापारको निर्यात-आयात अनुपात ९.७ प्रतिशत रहेको छ ।

अर्थात् कुल आयातको केवल ९.७ प्रतिशत हिस्सा मात्रै निर्यातबाट पूर्ति भएको देखिन्छ । यसर्थ, अधिक आयात र न्यून उत्पादन हाम्रो अर्थतन्त्रको सार्वकालिक चरित्र हो । आयात-निर्यातको सन्तुलन कायम हुन नसक्नु र राष्ट्रिय अर्थतन्त्रमा उत्पादनशील क्षेत्रहरूको योगदान घट्दै जानु अर्को महत्वपूर्ण समस्या हो । प्रत्येक वर्ष श्रम बजारमा थपिने जनशक्तिका लागि रोजगार नहुनु, बढ्दो महँगी र कमिसनतन्त्र, भ्रष्टाचार र आर्थिक अनियमितता बढ्दै जानु, चालु खर्च बढ्दै जानु र पूँजीगत खर्च न्यून हुनु अरू थप समस्या हुन् ।

अहिले आर्थिक क्षेत्रका जानकार, विज्ञ, अर्थशास्त्रीदेखि राजनीतिक नेतृत्व र आम नागरिकसम्मले मुलुकको अर्थतन्त्रमा समस्या छ भन्ने बुझेका छन् । तर मुख्य कुरा त्यो समस्या पहिचान गरी त्यसको उपचार गर्नु हो । यसको डाइनामिक्स परिवर्तन नगरी अर्थतन्त्रमा स्थिर वृद्धि गर्न सक्ने कुनै गुन्जायस देखिँदैन । जसका लागि आन्तरिक प्रशासन सुधारका साथै नीतिगत हेराफेरी जरूरी देखिन्छ । अर्थतन्त्रको क्षेत्रगत आवश्यकता पहिचान गरी प्राथमिकता निर्धारण अपरिहार्य छ । मुलुकमा लगानीमैत्री वातावरण निर्माण गर्नुका साथै उत्पादनशील क्षेत्रको प्रवर्द्धनका लागि सुरक्षा र स्थिर नीति अर्को अनिवार्य शर्त हो ।

अर्कोतिर अर्थतन्त्रको अवस्था मापन गर्ने बाफय क्षेत्रसँग सम्बन्धित परिसूचकाङ्कहरू भने पछिल्लो समय सकारात्मक बन्दै गएको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ । विदेशी मुद्रा सञ्चितिमा देखिएको प्रगतिले भुक्तानी सन्तुलन सकारात्मक बन्दै गएको देखाउँछ । नेपाल राष्ट्र बैंकले जारी गरेको चालु आर्थिक वर्ष २०८० माघ मसान्तसम्मको तथ्याङ्क अनुसार वैदेशिक रोजगारीबाट प्राप्त कुल विप्रेषण आप्रवाह रु.८ खर्ब ३९ अर्ब पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७.१ प्रतिशतले बढी हो ।

त्यसैगरी सोही अवधिमा मुलुकको चालु खाता रु.१ खर्ब ६२ अर्बले बचतमा रहेको छ, जबकि अघिल्लो वर्ष मुलुकको चालु खाता रु.४० अर्बले घाटामा थियो । वस्तु तथा सेवाको भुक्तानी सन्तुलनको अवस्था मापन गर्ने शोधनान्तर स्थितिमा पनि उल्लेख्य सुधार भएको देखिन्छ । अघिल्लो वर्ष अर्थात् २०७९ माघ मसान्तमा रु.१ खर्ब २८ अर्ब बचतमा रहेको शोधनान्तर स्थिति २०८० माघ मसान्तमा रु.२ खर्ब ९८ अर्ब बचतमा रहेको देखिन्छ । त्यसैगरी यस वर्ष खुद वैदेशिक लगानीमा पनि सकारात्मक वृद्धि भएको देखिन्छ ।

अन्तर्राष्ट्रिय पर्यटनमा पनि नेपालले पछिल्ला वर्षहरूमा केही सकारात्मक प्रगति गरेको देखिन्छ । सन् २०२३ कोरोना कालपछि सबैभन्दा बढी विदेशी पर्यटक भित्रिने वर्ष बन्न पुग्यो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जारी गरेको तथ्याङ्क अनुसार सन् २०२३ मा १० लाख १४ हजार ८७६ विदेशी पर्यटक नेपाल भित्रिए ।

नेपालको अर्थतन्त्रमा विदेशी मुद्रा आर्जन गर्ने एउटा गतिलो माध्यम भनेको पर्यटन पनि हो । तर, पर्यटन क्षेत्रको विकास दिगो र भरपर्दो हुनसकेको छैन । पर्यटकको कुल बसाइको अवधि र उनीहरूको गर्ने दैनिक औसत खर्च बढाउनु नै पर्यटन क्षेत्रबाट हुनसक्ने प्रत्यक्ष लाभ हो । किनकि अहिलेको अवस्था हेर्दा खासगरी नेपाली विद्यार्थीले अध्ययनका लागि विदेश लैजाने पैसा विदेशी पर्यटकहरूबाट हुने आयभन्दा निकै बढी देखिन गएको छ ।

चालु आर्थिक वर्षको पछिल्लो सात महिनामा कुल भ्रमण आय रु.४५ अर्ब ४० करोड रहेको छ भने सोही अवधिको नेपालीहरूको कुल भ्रमण व्यय रु.१ खर्ब ४ अर्ब ७५ करोड पुगेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ । जसमध्ये शिक्षातर्फको भ्रमणव्यय मात्रै रु.६६ अर्ब ६४ करोड देखिन्छ । यदि यही अवस्थाले निरन्तरता पाउने हो भने अन्तत: मुलुकको जनशक्ति त पलायन भएकै थियो, यहाँ बाँकी बचेखुचेको पाखा-पखेरोको धनसम्पत्तिले पनि देश छाड्दा नेपाल स्रोत विनाको बुढ्यौली स्याहार केन्द्र हुने निश्चित छ ।

मुलुकबाट बाहिरिएको भ्रमणव्ययको बढ्दो ग्राफ र त्यसभित्रको कारण पर्गेल्ने हो भने नयाँ पुस्ताले मुलुकमा कुनै भविष्य नदेखेको स्पष्ट हुन्छ । त्यसैले यहाँ विश्वास र भरोसा जगाउँदै मुलुकमा भविष्य छ भन्ने भाष्य स्थापित गर्नु पनि अपरिहार्य भइसकेको छ । भ्रमण व्ययको तथ्याङ्कलाई छाड्ने हो भने बाफय क्षेत्रको सूचकाङ्कहरू सकारात्मक बन्दै गएको देखिन्छ । त्यसैले बाफय क्षेत्रमा देखापर्दै गएको सकारात्मकतालाई पूँजीकृत गर्नका लागि पनि मुलुकको आन्तरिक अर्थतन्त्रमा दरिलो सुधार आवश्यक देखिन्छ ।

### पुनरुत्थानको पर्खाइ

हरेक कालो बादलमा चाँदीको घेरा भए जस्तै संकटपछिको उभारका लागि नेपाली अर्थतन्त्र सुधारको पर्खाइमा छ । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले एक वर्षअघि तेस्रो पटक प्रधानमन्त्री बन्दै गर्दा अब आफू 'भाषण नगर्ने, सुशासन र विकासका लागि मरिमेटेर काम गर्ने' संकल्प गरेका थिए । तथापि उनको त्यो संकल्प पनि विगतकै जस्तो 'माउथ सर्भिस'मा सीमित देखिएको छ । शासन प्रशासन चलाउने सन्दर्भमा उनी पनि पारिवारिक, गुटीय र दलीय स्वार्थबाट माथि उठ्न सकेको देखिँदैन ।

प्रधानमन्त्रीले प्रतिबद्धता गरेका 'सुशासन'का इलिमेन्टहरू खुट्याउँदै जाँदा लहरो तान्दा पहरो गर्जिने परिस्थितिका कारण भ्रष्टाचारीलाई कानूनी कारबाही र सुशासनको प्रत्याभूति अब 'नबिक्ने माल' बन्न पुग्ने परिस्थिति देखिँदैछ । सरकारले डंका पिटेर सुरु गरेको 'ठूला माछा समाउने' प्रकरण पनि हात्ती खेदाउने नाङ्लोको टुङटुङमै सीमित हुने देखिएको छ ।

तथापि यो अन्तिम अवसरलाई सदुपयोग गर्ने समय भने अझै गुज्रिसकेको छैन । यसमा खासगरी प्रधानमन्त्रीले नै केही देखिने पहल गर्नु जरूरी छ भने अर्थमन्त्रीले अर्थतन्त्रमा जरा गाड्दै गएको शिथिलता र अविश्वासको अवस्थालाई चिर्दै गरिखानेहरूको पक्षमा नीतिगत फड्को हान्न आवश्यक देखिन्छ । जब अर्थतन्त्रमा समस्या बढ्दै जान्छ, अर्थतन्त्र पनि अनौपचारिक बन्दै जान्छ । अहिले पनि हाम्रो अर्थतन्त्रको आधा हिस्सा अनौपचारिक छ भन्ने कुरा विगत केही वर्षअघि गरिएको राष्ट्रिय आर्थिक गणनाले देखाएको थियो ।

त्यसैले अहिले संकटको डिलमा पुगेको अर्थतन्त्रलाई लयमा फर्काउँदै विकास र उन्नतिको उडान भर्नका लागि कृषिकेन्द्रित औद्योगिकीकरण सहित छरिएर रहेको स-सानो बजारलाई कनेक्ट गरी राष्ट्रिय स्वरूप दिने नीति अवलम्बन गरिनुपर्छ । साना किसान, मजदुर, व्यापारी, व्यवसायी, उद्यमीहरूको हित भयो भने सबैको हित हुन्छ । औपचारिक दायरा बाहिर रहेको झण्डै ५० प्रतिशत हिस्सालाई औपचारिक दायरामा ल्याउँदै साना उद्यमशील व्यवसायीहरूको हितानुकूल हुने अर्थनीति अवलम्बन गरिनुपर्छ ।

त्यस्तै सरकारको पूँजीगत खर्च गर्ने क्षमता साँघुरिँदै गएको छ । अनि भएको पूँजीगत खर्चको उत्पादकत्व पनि घट्दै गएको देखिन्छ । केवल संरचनाजन्य निर्माणमुखी पूँजीगत खर्चलाई कसरी उत्पादनशील बनाउने ? यो अहिलेको अहम् सवाल हो । जुनसुकै दलको सरकार भए पनि सरकारले नीतिगत प्राथमिकता पहिल्याउन सकेको देखिँदैन । केवल लोकप्रिय हुने नाउँमा र कल्याणकारी देखाउने चक्करमा सरकारले वितरणलाई नै जोड दिएको देखिन्छ । यस्तो वितरणमुखी नीतिले त कसै गरे पनि अर्थतन्त्रको उत्थान हुन सक्दैन ।

निर्माणका नाउँमा कमिशनतन्त्रले संस्थागत स्वरूप ग्रहण गरिसकेको छ । केवल कमिसनकै लागि विना स्रोतका ठूला र नयाँ परियोजनामा ठेक्का लगाउने प्रवृत्तिले विकासका नाउँमा कैयौं ठूला परियोजनाहरू अलपत्रको अवस्थामा छन् । यस्तै सस्तो लोकप्रियता र कथित विकासे छवि निर्माण गर्ने बहानामा निर्माण गरिएका अनेकौं संरचनाहरू अहिले प्रयोगविहीन अवस्थामा पुगेका छन् । यस्तो प्रवृत्ति संघीय सरकारदेखि प्रदेश र स्थानीय तहको वडास्तर सम्ममा डढेलो झैं फैलिएको देखिन्छ । गाउँ-गाउँ, टोल-टोलमा निर्माण भएका मन्दिर, प्रवेशद्वार, सामुदायिक भवन त्यही कमिसनमुखी निर्माणको प्रतिबिम्ब हो, नकि स्थानीय आवश्यकता र अपरिहार्यता ।

सरकारले पनि निर्माणका नाउँमा केवल प्रशासनिक भवन निर्माणमै दशक बितायो । अहिले शहरबजारदेखि गाउँ-गाउँसम्म निर्माण भएका सरकारी भवनहरूको अवस्था हेर्दा नियमित मर्मतसम्भार र यथेष्ट प्रयोगको अवस्था पनि सुनिश्चित हुनसकेको छैन । यस्तो बेपरवाहपूर्ण खर्चगराइले राज्यको ढुकुटीको अमूल्य स्रोत बालुवामा पानी बराबर हुन पुगेको छ । तर, यति हुँदाहुँदै पनि सरकारले त्यो शैली र प्राथमिकतालाई पुनरावलोकन गर्न सक्केो देखिँदैन । त्यसैले अब यसलाई पनि पुनरावलोकन गर्न जरूरी छ । राज्यको खर्च गर्ने क्षमता बढाउनुका साथै उत्पादनशील क्षेत्रलाई टेवा पुग्ने गरी खर्च गर्नुपर्ने आवश्यकतामा पनि जोड गर्नु जरूरी छ ।

त्यस्तै अर्थतन्त्रको विस्तार र विकासका लागि सुशासन र सदाचारलाई अंगीकार गर्नैपर्छ । किनकि यी समृद्धिका अनिवार्य शर्त हुन् । बन्द र अँध्यारो कोठामा हुने अभ्यासहरू अन्त्य हुनैपर्छ । सबै तहमा पारदर्शिता र जवाफदेहीयुक्त प्रशासन लागू गर्नुपर्छ ।

अर्थतन्त्रमा बेलाबखत विस्तार र संकुचनका कुइनेटाहरू आइनैरहन्छन् । यसलाई अर्थशास्त्रमा व्यावसायिक चक्र (बिजनेस साइकल) भनिन्छ । अर्थतन्त्रको व्यावसायिक चक्रमा चार चरणहरू हुन्छन् -महामन्दी (अवसान), मन्दी, पुनरुत्थान र विस्तार (समृद्धि) । अर्थतन्त्रमा यी चक्रहरूलाई नियमित प्रक्रिया मानिन्छ । निश्चित रूपमा नेपालको अर्थतन्त्र पनि मन्दीबाट पुनरुत्थानको पर्खाइमा छ ।

अत: गुम्दै गएको विश्वासलाई पुनर्जागृत गर्दै मुलुक र जनताको सर्वोपरि हित हुने गरी अर्थतन्त्रको पुनरुत्थानका लागि संरचनागत परिवर्तन, नीतिगत सुधार र सुशासन अनि पारदर्शिताको औजार मार्फत अर्थतन्त्रको 'टेक अफ' जरूरी हुन्छ ।

के उथलपुथलमै रुचि राख्ने प्रधानमन्त्री र अर्थतन्त्र सुधार गर्ने 'आइडिया' सहित भित्रिएका अर्थमन्त्रीले बाढीयुक्त नदीमा रुमल्लिएको अर्थतन्त्रको डुंगालाई नदीपार गर्न सक्लान् ? संभवत: प्रधानमन्त्रीका लागि त यो अन्तिम अवसर हो नै, अर्थमन्त्री पुनका लागि पनि यो निर्णायक अवसर हुनेछ । डुंगा नदीपार लगाउने कि बाढीसँगै बग्ने ? त्यो निजहरूको क्षमता, इमानदारी र पहलमै निर्भर रहनेछ ।

*(साभार: अनलाइनखबर)*

# विश्वासको मत पाइरहँदा प्रचण्डले देखेको डर



काठमाडौं/१० पुस २०७९ मा प्रधानमन्त्री नियुक्त नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बुधबार तेस्रोपटक विश्वासको मत पाएका छन् ।

उनलाई नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र गरी १५७ सांसदले मत दिए ।

नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सहितका ११० सांसदले विपक्षमा र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल तटस्थ बसेका छन् ।

पहिलो पटक २६ पुस २०७९ मा विश्वासको मत लिँदा प्रचण्डले प्रतिनिधिसभामा असाधारण मत पाएका थिए । त्यसबेला सत्ता गठबन्धनमा नरहेका कांग्रेस, एकीकृत समाजवादी र लोसपाले समेत मत दिएकाले २७५ मध्ये २६८ सांसद प्रधानमन्त्री प्रचण्डको पक्षमा उभिएका थिए ।

तर १० पुसको गठबन्धन तोडेर प्रचण्डले कांग्रेसतिरै जाने निर्णय गरेकाले दुई महिनाभित्रै दोस्रोपटक विश्वासको मत लिनुपरेको थियो ।

दोस्रोपटक ६ चैत २०७९ मा विश्वासको मत लिँदा एमाले र राप्रपाले विपक्षमा मतदान गरेकाले प्रचण्डले १७२ मत मात्रै पाए भने विपक्षमा ८९ मत परेको थियो ।

१० पुसमा एमालेसँग गठबन्धन बनाउँदा प्रचण्डले प्रतिनिधिसभाको ५ वर्षको कार्यकालमध्ये आधा अर्थात साढे दुई वर्ष प्रधानमन्त्री हुने सम्झौता गरेका थिए । एमालेसँग गठबन्धन तोड्दा प्रचण्डले आफू प्रधानमन्त्री हुने अवधि घटाएर दुई वर्षमा झारेका थिए । तर त्यो दुई वर्ष नपुग्दै गत २१ फागुनमा फेरि एमाले, रास्वपा सहितको गठबन्धन बनाउने निर्णयमा पुगे ।

प्रचण्डले नयाँ समीकरण बनाएसँगै कांग्रेसले समर्थन फिर्ता लिएपछि उनी तेस्रोपटक विश्वासको मत लिने अवस्था सिर्जना भयो । तेस्रोपटक विश्वासको मत माग्न प्रतिनिधिसभामा उपस्थित हुँदा प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग गठबन्धन तोड्ने निर्णय कुनै आवेग र कसैलाई सरप्राइज दिन नगरिएको तर्क गरे ।

'पुरानो (कांग्रेस सहितको) गठबन्धन निरन्तरता गर्दा दिन कटाउने, काल पर्खने जस्तो हुने लाग्यो', प्रचण्डको जवाफ थियो । दलगत रुपमा सांसदहरुले उठाएको प्रश्नमाथि जवाफ दिने क्रममा प्रचण्डले राजीनामा दिने विकल्पमा गठबन्धन परिवर्तन गरेको समेत बताए । 'राजीनामा या एकपटक अर्को गठबन्धन बनाएर जाने विकल्प बाँकी थियो', प्रचण्डले भने ।

विश्वासको मत माग्ने प्रस्तावमाथिको छलफल र त्यसको जवाफमा प्रचण्डले दिएको अभिव्यक्ति सुन्दा भने यो गठबन्धनप्रति स्वयं उनी नै संशकित रहेको अनुमान लगाउन सकिन्छ ।

किनकि उनले विपक्षमा मतदान गर्नेहरुप्रति मात्रै नभएर सत्ता सहयात्री दलहरुप्रति समेत आशंका र आक्रोश पोखे । विशेषगरी 'कांग्रेस र एमाले मिलेर चलाए हुन्छ' भन्ने प्रचण्डको अभिव्यक्तिले सत्ता सहयात्रीकै सांसदहरु अलमलमा देखिए ।

'यहाँ हाम्रो माननीय केपी ओलीजीले बोल्दै गर्दा बोली नचल्ने भनेर एउटा भाषा प्रयोग गर्नुभयो, एउटा मर्मका साथ प्रयोग गरेको बुझेँ मैले । र उतापट्टी माननीय पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले अब बोल्ने हो भन्नुभयो', प्रचण्डले भने, 'बोल्नुहोस्, म भन्छु बोली फुकाउनुहोस्, बनाउनुहोस् सहकार्य ।'

जबकी छलफलकै क्रममा एमाले अध्यक्ष ओलीले फरक प्रसंगमा कांग्रेसले एमालेसँग बोल्न समेत नचाहेको तर्क गरेका थिए । ओलीले भनेका थिए, 'वर्णाश्रम व्यवस्थामा के चल्दैन भनेको सुनेको थिएँ, कुरा चल्दैन भनेको चाहिँ नेपाली कांग्रेसबाट सुनियो । एमालेसँग कुरा चल्दैन ।'

तर देशको समस्या समाधान र संविधान कार्यान्वयन जस्ता विषयमा दलहरुबीच सहकार्य हुन सक्ने ओलीको तर्क थियो ।

'म भन्न चाहन्छु, शेर बहादुरजीलाई बसौं, कुरा गरौं न । प्रतिपक्षमा बस्दैमा कुरा नचल्ने भन्ने हुँदैन', ओलीको आग्रह थियो ।

आफ्नो सम्बोधनभर कांग्रेसप्रति आक्रामक देखिएका ओलीको यही एउटा शब्दलाई लिएर प्रचण्डले आशंका नै उत्पन्न हुनेगरी अभिव्यक्ति दिए ।

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल भने प्रधानमन्त्रीले यस्तो अभिव्यक्ति दिनुमा केही दिन यताको घटनाक्रमले काम गरेको बताउँछन् । 'कांग्रेसले ओलीसँग कुरा गरिरहेका छौं भनेर धम्क्याइरहेको थियो, आज पनि भनेपछि प्रधानमन्त्रीले जवाफ दिनुभएको हो', उनी भन्छन्, 'प्रधानमन्त्रीको कुरालाई लिएर एमालेसँग कुनै समस्या हुँदैन ।'

माथि रोष्ट्रमबाट ओलीले बोल्दा देउवाले तलबाट उत्साहित भएर जवाफ दिएकाले पनि प्रधानमन्त्री प्रचण्डबाट त्यस्तो प्रतिउत्तर आएको सचिव पौडेल बताउँछन् । तर प्रधानमन्त्री प्रचण्डले भने कांग्रेस र एमाले मिल्ने सम्भावनापछिको परिस्थितिबारे समेत बोले । 'प्रेसर दिन घोचपेच चलेको छ, हामी मिल्यौं भने तेरो हालत के हुन्छ ? यसो भनेर पहिले पनि भनियो, आज पनि भनियो', प्रचण्डको जवाफ थियो, 'मेरो त कामना छ, तपाईंहरु मिल्नुहोस् । सबै मिल्नुस्, तपाईंहरु सबै मिल्नुभयो भने नेकपा माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा बसेर फेरि देश र जनताको पक्षमा, संविधान रक्षाको पक्षमा, राष्ट्रियता सुदृढीकरणको पक्षमा लडिरहन्छ ।'

प्रचण्ड यतिमै रोकिएनन्, विगतमा माओवादी सशस्त्र युद्धमा रहेका बेला पनि सबै मिलेको प्रसंग उठाए । 'हिजो तपाईंहरु सबै मिलेर टाउकै काट्न खोजेको हो नि त । डराउँछ माओवादी केन्द्र भन्ठान्नुभा छ । त्यस्तो हुँदैन', प्रचण्डले भनेका थिए ।

एमालेका सचिव गोकर्ण विष्ट चाहिँ प्रधानमन्त्रीको अभिव्यक्तिलाई संसद् चलिरहँदाको सम्वादको प्रतिक्रियाका रुपमा मात्रै बुझ्नुपर्ने बताउँछन् । 'विगतमा हामीले गरेको अविश्वासले दुर्घटनामा पुगेका थियौं । त्यसबाट पाठ सिकेर विश्वास बढाउनेतिर लाग्नुपर्छ, अनावश्यक आशंका कतैबाट पनि उत्पन्न गराउन हुन्न', उनी भन्छन् । विश्वासकै वातावरण बनाउँदा गठबन्धन फुटाउने चलखेल तोडिने उनी बताउँछन् ।

अर्का सत्ता साझेदार एकीकृत समाजवादीलाई त प्रधानमन्त्री प्रचण्डले मन नलागे विश्वासको मत नदिन सक्ने समेत बताए । 'तपाईंको विवेकले, तपाईंको राजनीतिक दल, तपाईंको नेतृत्व, तपाईंहरुको नीति र कार्यक्रमले प्रधानमन्त्रीलाई एक चोटी मौका दिँदा ठीक लाग्छ दिनुस्, लाग्दैन नदिनुस्', प्रचण्डले चर्को जवाफ दिएका थिए ।

हरेक राजनीतिक दल निर्णय लिन स्वतन्त्र रहेको तर्क गर्दै प्रचण्डले भने, 'हामी आ-आफ्नो राजनीतिक मान्यता अनुसार, राजनीतिक मूल्य अनुसार देशलाई र जनतालाई आफ्नो नीतिमार्फत कसरी सेवा गर्न खोजेको हो त्यसमा स्वतन्त्र नै छौं ।'

ओलीको अभिव्यक्तिमा देउवा हौसिनुलाई नै आशंका गरेका प्रचण्डले एकीकृत समाजवादीप्रति आक्रोश पोख्नुमा राजेन्द्र पाण्डेको अभिव्यक्ति कारण थियो । एकीकृत समाजवादीका तर्फबाट संसदमा बोलेका उपाध्यक्ष पाण्डेले गठबन्धन फेर्ने निर्णयलाई अनैतिक भनेका थिए ।

'हामीलाई बाटामा छोडेर, खोलाको बगरमा खोलाले ठुटोलाई घिसारेर बीचमा लगेर छाडेको जस्तोगरी छोडेर हिँड्नुभयो । यो भन्दा अनैतिकता के हुन्छ ?' पाण्डेले भनेका थिए ।

सँगै, कांग्रेस र एमाले मिलेमा प्रचण्डको हैसियत कुन अवस्थामा पुग्छ भन्ने सम्झना समेत पाण्डेले गराएका थिए । 'अघि भर्खर कुरा आएको छ, ओलीजी र शेर बहादुरजीले घाँटी जोडे तपाईंको हालत के हुन्छ ?', उपाध्यक्ष पाण्डेले कांग्रेसका तर्फबाट बोलेका महामन्त्री विश्वप्रकाश शर्माको अभिव्यक्ति सम्झाएका थिए ।

सत्ता गठबन्धनकै एक नेता, विश्वासको मत लिइरहँदा प्रधानमन्त्री प्रचण्डले एमाले समेतलाई जोडेर आशंका र आक्रोश व्यक्त गर्नुमा पाण्डेको अभिव्यक्ति कारण भएको बताउँछन् ।

'विश्वासको मत दिने भनेर उभिएको पार्टीको नेताले जसरी प्रचण्डलाई अनैतिक भने, त्यस्तो बोल्नु पनि अनैतिक हो', उनी भन्छन्, 'किनकि विश्वासको मत दिने भनेको त प्रधानमन्त्रीले लिएको निर्णयको समर्थन हो ।' एमालेका अर्का नेता पनि प्रधानमन्त्री प्रचण्डले आशंका गर्नुको कारण एकीकृत समाजवादीका नेताकै बोली कारण हुनसक्ने अनुमान गर्छन् ।

'उहाँहरु अहिले संसदीय गणितमा एकप्रकारले निर्णायक जस्तै हुनुहुन्छ । फेरि जसपाले पनि आक्रोश पोख्ने काम गऱ्यो', ती नेता भन्छन् ।

एकीकृत समाजवादीका पाण्डे भन्दा अगाडि बोलेका जसपाका नेता राजकिशोर यादवले पनि आफ्नो सम्बोधनभर प्रधानमन्त्रीको आलोचना गरेका थिए । निर्धारित समयमा कुरा नसकेर लगातार बोलिरहेका यादवको माइक नै उपसभामुख इन्दिरा रानामगरले काटिदिएकी थिइन् ।

यादवले प्रधानमन्त्री प्रचण्डलाई चेतावनी नै दिएका थिए, 'धेरै प्रयोग गरिरहने मान्छे त हुनुहुन्छ, तर कहिलेकाहीँ इनफ इज इनफ भन्छ नि ।' प्रधानमन्त्रीलाई अभिमन्यूसँग तुलना गरेका यादवले यो सरकारकै कार्यकालमाथि समेत प्रश्न उठाएका थिए । 'तपाईंको कार्यकाल कति लामो हुन्छ भन्न सक्दिन', यादवले भनेका थिए, 'तर तपाईंले गरेको प्रतिवद्धता अनुसार, हामी आफ्नो भाग खोज्छौं । जहाँ हाम्रो भाग न्यायसंगत लागेन, त्यतिबेला हामीले हिसाब माग्नेछौं र त्यो हिसाब अप्रिय पनि हुन सक्छ ।' यादवकै जस्तो चेतावनी एकीकृत समाजवादीका पाण्डेको समेत थियो । उनले भनेका थिए, 'बजेट निर्माणमा सांसदहरुको भूमिका भएन भने भोट हाल्ने अवस्थामा रहन्नौं ।'

अर्थात् आवश्यक परे सत्ता गठबन्धन परिवर्तन गर्न सक्ने संकेतसहित एकीकृत समाजवादी र जसपाले प्रधानमन्त्रीलाई विश्वासको मत दिए । यस्तो संकेत बुझेपछि प्रधानमन्त्री प्रचण्डले पनि सके गठबन्धन फेरे हुने जवाफ दिए ।

'आजित भएँ भनेर विहान एउटा शब्द प्रयोग गरेको छु । त्यहाँ (कांग्रेससहितको गठबन्धन) भित्रका कचिङ्गलहरुको कारणले मलाई हैरान/परेसान पारेको थियो । फेरि त्यस्तै हुने हो भने त्यसले पनि काम गर्न सक्ने वातावरण नबन्ला कि भन्ने चिन्ता मलाई भएको छ', प्रचण्डले भनेका छन् । अझ अगाडि बढेर प्रचण्डले रवि लामिछानेलाई कांग्रेसले प्रधानमन्त्री प्रस्ताव गरेकोदेखि ४८ घण्टाभित्रै सत्ता ढाल्ने खेल भएको प्रसंग समेत संसदमै बताएका छन् ।

(स्रोत: अनलाइखबर)

# ओभरसिज बजारमा 'रङ्गेली'को माग

साझाकुरा संवाददाता



काठमाडौं/ग्याङ्गस्टर कथामा निर्माण भएको फिल्म 'रङ्गेली'को नेपाल प्रतिक्रियापछि ओभरसिज बजारमा माग बढ्न थालेको छ । प्रदर्शनअघि नै अमेरिका, क्यानडा, जापान र कोरियामा बिक्री भइसकेको फिल्मको हालै मलेशिया, दुबई, कतार, बहराइन, साउदी र ओमनमा प्रदर्शन अधिकार बिक्री भएको निर्देशक अर्जुन सुवेदीले जानकारी दिए । अरु देशबाट पनि फिल्मको माग आएको उनले बताए ।

अस्ट्रेलिया, यूरोप, हङकङ, भारत लगायतका देशमा रिलिजको लागि अन्तिम तयारी भइरहेको पनि निर्देशक सुवेदीको भनाई छ । मलेशियासहित ६ वटा खाडी मुलुकमा सुरज लम्साल र एक्का बास्सा इन्टरटेन्मेन्टले रिलिज गर्दैछ । अमेरिका वितरणमा एक्काले लाइभ एट प्रिजेन्टसँग सहकार्य गरेको छ । जापान र कोरियामा उज्ज्वल गुरागाईं र यूएनए इन्टर टेन्मेन्टले फिल्मको वितरण गर्दैछ ।

शिवरात्रिको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको 'रङ्गेली'लाई दर्शकबाट अब्बल 'वर्ड अफ माउथ' मिलेको निर्माण टिमको दाबी छ । दर्शकबाट फिल्म केही लामो भएको प्रतिक्रिया प्राप्त भएपछि २१ मिनेट घटाइएको थियो । अब फिल्म साढे २ घण्टाको छ । बुधवार धेरै हलहरुमा ५० प्रतिशत छुटको अफर भएकाले फिल्ममा दर्शकको चाप उल्लेख्य रहेको वितरकले जनाएका छन् ।

फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धितालको मुख्य भूमिका छ भने क्लाइमेक्समा अभिनेता आर्यन सिग्देल भिलेन अवतारमा देखिएका छन् । उनको इन्ट्रीले दर्शकलाई 'सर प्राइज' बनाएको छ । अब यसको सिक्वेल (रङ्गेली २)मा आर्यनको भिडन्त दयाहाङसँग हुने देखिन्छ । सुसन प्रजापतिले फिल्मको छायांकन गरेका हुन् ।

# को थिए ओपेनहाइमर ? जसको जीवनमा बनेको फिल्मले ७ वटा ओस्कार जित्यो

साझाकुरा संवाददाता



एजेन्सी, काठमाडौं/ अघिल्लो वर्ष (२०२३)मा रिलिज भएको हलिउड फिल्म 'ओपेनहाइमर'ले विश्व बजारमा नै अप्रत्यासित कमाई गऱ्यो । यसले विश्वभर ९६० मिलियन डलर अर्थात् झण्डै नेपाली ८ हजार करोडको कमाई गरेको थियो । यतिबेला विश्वका एकसेएक प्रतिष्ठित फेस्टिभल तथा अवार्डमा आफ्नो वर्चस्व कायम गरेको फिल्मले यही सोमबार भएको ओस्कार अवार्डमा पनि ७ वटा विधामा अवार्ड जित्यो ।

यो फिल्म अमेरिकी भौतिक वैज्ञानिक जे रोबर्ट ओपेनहाइमरको जीवनमा आधारित भएर बनेको हो । उनले परमाणु बमको निर्माण गरेका थिए । उनको जन्म २२ अप्रिल १९०४ मा न्यूयोर्क सहरमा एक यहूदी परिवारमा भएको थियो । उनका पिता जूलियस जर्मन आप्रवासी थिए, जो कपडा व्यवसायमा काम गर्दथे । उनकी आमा एला फ्रीडम्यान चित्रकार थिइन् । रोबर्टका एक भाई पनि थिए ।

सन् १९२७ मा फिजिक्समा विद्यावारिधी गरेका उनी सन् १९४२ मा लस अलामोसस्थित एक नयाँ हतियार प्रयोगशालाको निर्देशकमा नियुक्त भए, जहाँ उनलाई परमाणु बम बनाउनुपर्ने थियो । त्यसको गुत्थी सुल्झाउन उनले फिजिक्सका एकसेएक वैज्ञानिकहरुलाई एकजुट गरे । र, साढे २ वर्ष काम गरेपछि अमेरिकी सरकारले उनीहरुलाई यूरेनियम तथा प्लूटोनियम बम बनाउन आदेश दियो ।

१६ जुलाई, १९४५ मा ओपेनहाइमरसहितको वैज्ञानिकहरुले प्लूटोनियम परमाणु बमको पहिलो परीक्षण गरेका थिए । त्यसको ठीक तीन हप्तापछि एनोला गे हवाई जहाजबाट यूरेनियम बम जापानी शहर हिरोशिमा गिराइएको थियो । त्यसपछि ९ अगस्त, १९४५ मा जापानको नागासाकीमा प्लूटोनियम बम खसाइयो । यी दुईटा परमाणु बम विस्फोटबाट करिब दुई लाखको मृत्यु भएको बताइन्छ ।

यो भयानक शक्तिबाट ओपेनहाइमर भयवित भएका थिए । त्यसपछि हाइड्रोजन बम निर्माणको विरोध गरेका उनले पछि जागिर नै त्यागिदिए । १८ फेब्रअरी सन् १९६७ मा घाँटीको क्यान्सरबाट निधन भएका उनले सन् १९३० को दशकमा संस्कृत समेत सिकेका थिए । उनले 'गीता'देखि कालिदासद्वारा रचित 'मेघदूत'सम्म पढेका थिए । संस्कृत पढे पनि उनलाई हिन्दू धर्मप्रति झुकाव थिएन ।

# नेपालमा 'युरो-६' सवारी मापदण्ड लागु हुँदै, अर्थ मन्त्रालयको सहमति

काठमाडौं/नयाँ आयात हुने सवारीसाधनका हकमा 'युरो-६' प्रदूषण मापदण्ड अनिवार्य गर्ने प्रक्रियामा अर्थ मन्त्रालयले सहमति दिएको छ । वन तथा वातावरण मन्त्रालयको यस्तो मापदण्ड लागु गर्ने सम्बन्धी प्रस्तावमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको हो ।

वन मन्त्रालयका सहसचिव तथा प्रवक्ता बद्रीराज ढुंगानाले नयाँ आयात हुने सवारीसाधनमा युरो-६ मापदण्ड लागु गर्न अर्थले 'ग्रिन सिग्नल' दिएको जानकारी दिए ।

यो प्रक्रिया जारी रहँदा गठबन्धन परिवर्तन भएको र मन्त्रालयको नेतृत्व समेत फेरिएको छ । नेपालमा अधिकांश सवारी साधान भारतबाट आयात हुने गर्छ । युरो-६ मापदण्डलाई भारतमा 'बीएस-६' का रूपमा चिनिन्छ ।

अहिले वन मन्त्रालयको जिम्मा नवलकिशोर साह सुडीको जिम्मामा आएको छ । सहसचिव ढुंगानाका अनुसार मन्त्रालयले नयाँ मन्त्रीसँग यसबारे परामर्श गरी प्रस्ताव मन्त्रिपरिषद् लैजाने तयारी छ । नेपालमा सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रण गर्न 'नेपाल भेहिकल मास इमिसन स्ट्यान्डर्ड २०१२' कार्यान्वयनमा छ । यो अन्तर्राष्ट्रिय रूपमा प्रचलित युरो-३ वा भारतको मापदण्ड 'भारत स्टेज-३' (बीएस-३) अनुरूप हो ।

**आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्ने लक्ष्य**

वन मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ बाटै युरो-६ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । 'हाम्रो लक्ष्य आगामी आर्थिक वर्षबाट आयात हुने सवारीसाधनमा लागु गर्ने लक्ष्य छ,' सहसचिव ढुंगानाले संचारकर्मीसँग भने, 'यद्यपि, मन्त्रिपरिषद्ले कुन मिति तोक्छ, सोही अनुसार युरो-६ कार्यान्वयनमा आउँछ ।'

**युरो-६ लागु गर्ने पटक-पटकको प्रयास असफल**

सरकारले नेपालमा युरो-६ मापदण्ड लागु गर्न पटक-पटक प्रयास गरेको छ । तर, दबाबका कारण कार्यान्वयनमा ल्याउन सकेको छैन । नेपालमा अटोमोबाइल व्यवसाय गरिरहेका व्यवसायीमा युरो-६ लागु गर्ने वा नगर्ने भन्ने विषयमा अझै विवाद छ ।

यसअघि शेरबहादुर देउवा प्रधानमन्त्री र प्रदीप यादव वनमन्त्री रहेका बेला युरो-६ अनिवार्य गर्ने सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद् पुगेको थियो । त्यो सरकार चुनावी रहेको भन्दै मन्त्रिपरिषद्ले यसबारे कुनै निर्णय लिएन । चुनावपछि सरकार गठन भएसँगै प्रस्ताव पुन: वन मन्त्रालयमै फिर्ता आएको थियो । त्यसपछि नयाँ प्रक्रिया अनुसार अर्थबाट सहमति लिई पुन: मन्त्रिपरिषद् लैजान लागिएको हो ।

**भारतमा चार वर्ष अगाडिबाटै लागु, नेपालमा ढिलाइ**

नेपालको अटोमोबाइल बजारमा भारतमा उत्पादित सवारीसाधन हिस्सा अधिक छ । भारतले सन् २०२० बाटै युरो-६ मापदण्ड लागु गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

नेपालमा भने ढिला गरिएको छ । वन मन्त्रालयले मापदण्ड फेर्न विभिन्न समयमा अध्ययन समिति बनाएर कामसमेत गरेको थियो । तर, सबै प्रतिवेदन थन्काएर राखिएको छ ।

भारतले १ अप्रिल २०२० मा बीएस-६ (ओबीटी-२) लागु गरेको थियो । प्रदूषण कम गर्न भारतले २०२३ बाट भारत ओबीटी-२ (ए) कार्यान्वयनमा आइसकेको छ । यो अझ कसिलो मापदण्ड हो । भारतले २०२५ मा ओबीटी-२ (बी) मा जाने लक्ष्य राखेको छ । यस्तो मापदण्डमा सवारीसाधनले गर्ने प्रदूषणको 'लाइभ अपडेट' उपलब्ध हुन्छ । नेपाल भने अहिले पनि २०१२ देखिको मापदण्डमा रोकिएको छ ।

**मूल्य बढ्छ, प्रदूषण घट्छ**

विज्ञहरूका अनुसार युरो-६ मापदण्ड लागु हुँदा सवारी साधनको मूल्य बढ्न जान्छ । तर, सवारीसाधनबाट उत्पन्न हुने प्रदूषण भने उल्लेख्य घट्छ । सोही कारण जनस्वास्थ्यका दृष्टिकोणबाट युरो-६ मापदण्डमा स्तरोन्नति हुनुपर्ने माग लामो समयदेखि उठिरहेको छ ।

# चैतका लागि बैंकहरूले घटाए ब्याजदर

काठमाडौं/चैत महिनाका लागि पनि अधिकांश वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर घटाएका छन् । बैंकहरूले सार्वजनिक गरेको नयाँ ब्याजदर तालिकाअनुसार फागुनको तुलनामा चैत महिनामा व्यक्तिगत मुद्दतिको औसत ब्याजदर ०.५ प्रतिशत विन्दुले घटेको छ । फागुन महिनामा २० वटै वाणिज्य बैंकहरुको व्यक्तिगत मुद्दतीमा औसत ब्याजदर ७.७५ प्रतिशत रहेकोमा चैत महिनाका लागि भने ७.२५ मा झरेको छ ।

एनआईसी एसिया बैंकले भने फागुनको तुलनामा चैतमा व्यक्तिगत मुद्दती निक्षेपमा ब्याजदर बढाएको छ । अनर्गल प्रचारका कारण सो बैंकबाट केही निक्षेप झिकिएपछि बैंकले तरलताको सहज व्यवस्थापन गर्न ब्याजदर बढाएको देखिन्छ । सो बैंकले चैतदेखि लागू गर्नेगरी व्यक्तिगत मुद्दतीमा दिने ब्याजदर सबैभन्दा धेरै ८..५४८ प्रतिशत छ । बैंकहरूले व्यक्तिगत मुद्दतीमा जति ब्याजदर तोकेका छन्, संस्थाहरुलाई त्यसको १ प्रतिशत विन्दु कम हुन्छ । प्रभु र ग्लोबल आईएमईले फागुनकै दरलाई निरन्तरता दिएका छन् भने बाँकी १७ बैंकले घटाएका छन् । बैंकिङ प्रणालीमा अधिक तरलता र कर्जा प्रवाह न्यून भएसँगै बैंकहरुले ब्याजदर घटाउँदै लगेका छन् ।

माघ महिनामा व्यक्तिगत मुद्दति निक्षेपमा अधिकतम ब्याजदर ९ दशमलव १५ प्रतिशतसम्म थियो । फागुनमा भने सोही प्रकृतिको निक्षेपमा अधिकतम ब्याजदर नै ८.५० प्रतिशतमा झरेको थियो । चैतका लागि एनआईसी एसियाबाहेक सबै बैंकको व्यक्तिगत मुद्दतीको ब्याजदर ७.७५ प्रतिशतभन्दा तल झरेको छ ।

बैंकहरुले गत साउनबाट निक्षेपको ब्याजदरमा गरेको भद्र सहमति खारेज भएपछि आफ्नो स्वच्छ प्रतिस्पर्धात्मक रुपमा तरलता आवश्यकता अनुसार ब्याजदर प्रकाशित गर्न थालेका हुन् । बढी अवधिको मुद्दति निक्षेपमा बढी र छोटो अवधिको मुद्दति निक्षेपमा कम ब्याजदर रहेको छ ।

व्यक्तिगत मुद्दती निक्षेपको अधिकत ब्याजदर घटाउँदै जाँदा बचत र कल निक्षेपको ब्याजदर पनि स्वत: घट्छ । राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपको माथिल्लो सीमा र बचतको न्यूनतम ब्याजदरबीचको अन्तर बढीमा ५ प्रतिशत भन्दा धेरै हुन नहुने व्यवस्था गरेको छ । यसले गर्दा बचतको ब्याजदर पनि घट्न जानेछ । कल निक्षेपमा बचतको न्यूनतम ब्याजदरको ५० प्रतिशत मात्रै ब्याज दिन पाइने व्यवस्था छ । बैंकले लिने सबै प्रकारका निक्षेपको ब्याजदर घटेपछि समग्रमा आधार दर नै घट्न जान्छ र कर्जाको ब्याजदर पनि घट्छ ।


# ओटीटी 'कान्तिपुर सिनेमाज्' ओटीटीमा 'नेपाली फिक्सन'

काठमाडौं/विगत लामो समयदेखि फिल्मसम्बन्धी अध्यापन गराउँदै आएको कान्तिपुर फिल्म एकेडेमीले सञ्चालनमा ल्याएको ओटीटी प्लेटफर्म 'कान्तिपुर सिनेमाज्'मा स्वतन्त्र फिल्ममेकरले बनाएका फिल्महरु रिलिज भइरहेका छन् ।

यो प्लेटफर्ममा 'मदर', 'मुखिया', 'रितु', 'खरानी', 'पँखेटा' लगायतका 'इन्डिपेन्डेन्ट' फिल्महरु उपलब्ध छन् । अब अर्को 'इन्डी' फिल्म 'नेपाली फिक्सन' रिलिज भएको छ ।

एकजना ग्याङ्स्टरलाई लागू औषधको समान पुऱ्याउन गएका दुई पात्रबीच हिस्सा बाँडफाँडको बेला भएको मनमुटाव र लालचबाट उत्पन्न हुने अन्तरद्वन्द्वलाई फिल्ममा कमेडी शैलीमा प्रस्तुत गरिएको छ । फिल्मको गत फागुन २ गते काठमाडौंस्थित विश्वज्योति हलमा प्रिमियर गरिएको थियो । प्रिमियरमा फिल्मलाई सुखद् प्रतिक्रिया मिलेको थियो । यो फिल्म सन् २०२२ मा बनाइएको थियो ।

फिल्मलाई देवेन्द्र खत्रीले निर्देशन गरेका हुन् । यसअघि उनले थुप्रै सर्ट फिल्म बनाएका छन् । संजोग रसाइली, रुजा राउत, विमल पुरी, सुप्रज्ञा शर्मा, रुपेश दाहाल आदिको अभिनय रहेको फिल्ममा आशिष घिमिरेको छायांकन तथा सजल लोप्चनको सम्पादन छ । यो




ओटीटीमा 'नेपाली फिक्सन'सहित 'ब्रह्माण्ड', 'जुलेबी', 'ज्याकी : आईएम ट्वान्टी वान' जस्ता फिल्म तथा सिरिज उपलब्ध छन् ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कविता संग्रह ‘पल्लवित पाइला’ विमोचन

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडामा कृशु अर्यालको कविता संग्रह ‘पल्लवित पाइला’ विमोचन गरिएको छ । हेटौंडा-२, स्थित बालजागृति इङ्लिस सेकेण्डरी स्कुलकी पूर्वविद्यार्थी अर्यालको कविता संग्रह विद्यालयले बुधबार एक कार्यक्रमबीच विमोचन गरेको हो ।




पुस्तक विमोचन कार्यक्रममा सर्जक संजाल मकवानपुर अध्यक्ष निमेष निखिलले कविले समाजलाई सही बाटो पहिल्याउन र देखाउनु पर्नेमा जोड दिए । साहित्य संगम मकवानपुरका सल्लाहकार श्यामकुमार बानियाँ र आँचल साहित्य कलापुञ्चकी अध्यक्ष भावना सापकोटाले कृशु अर्यालको कविता संग्रहको समीक्षा गरेका थिए । ३७ वटा कविता समावेश भएको अर्यालको पुस्तकमा थोरै सम्पादनको खाँचो आवश्यक रहेको बानियाँले औंल्याएका थिए ।

अर्यालद्वारा लिखित पुस्तकमा सामाजिक विकृति र विसंगति, व्याप्त भ्रष्टाचार, नारीको विभेदलगायतको विषयवस्तु कवितामा समावेश भएको सापकोटाले बताइन् । पल्लवित पाइला अर्यालको पहिलो कृति हो । स्थानीय पत्रपत्रिकामा प्रकाशित आफ्ना रचनाहरु समावेश गरी पुस्तक तयार गरेको अर्यालले बताइन् । स्कुलको माया, शिक्षक तथा हजुरबुवा दुण्डिराज पोखरेलको हौसलाले गर्दा पुस्तक प्रकाशनमा सहयोग मिलेको उनले बताइन् ।

पुस्तकको प्रकाशक अर्यालको हजुरबुवा हुन् । दृढ स्वभाव भएकी कृशु अर्यालले सानै उमेरदेखि शब्द खेलाउँदै आएको विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीले बताए ।

प्रधानाध्यापक सुवेदीको अध्यक्षता तथा सर्जक सञ्जाल अध्यक्ष निखिलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेश भण्डारी, साहित्यकार मुना अर्याल, कृशुका बुवा कृष्ण अर्याल, विभिन्न साहित्यिक संस्थाका प्रतिनिधि तथा साहित्यकारलगायतको उपस्थिति रहेको थियो ।

# राजदेवी माविको अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ राजदेवी माध्यमिक विद्यालयको ५७ औ अभिभावक भेला बुधबार सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिका वडा नं. १७ का वडाअध्यक्ष उद्धव सत्यालको प्रमुख आथित्यमा सम्पन्न अभिभावक भेलाले विद्यालय ब्यवस्थापन समितिमा नयाँ नेतृत्व चयन गरेको छ ।

विद्यालय ब्यवस्थापन समितिमा सदस्य डेकराज धमला, कृष्णप्रसाद संजेल, टीका कार्की र सुशीला आचार्य चयन भएका छन् । विद्यालयको शिक्षक अभिभावक संघमा हीरामणि घिमिरे, ज्योति रजानमगर, अनिता गौतम, दीया पुलामी, यशोदा धमला चयन भएका छन् ।

शिक्षक सुरज पौडेलले सहजीकरण गरेको कार्यक्रममा मधुसूदन न्यौपाने, रामप्रसाद तिमल्सिना, बलराम घिमिरे, विकास श्रेष्ठ, रमेशकुमार राई, सानुकाजी पाण्डे, कृष्णप्रसाद नेपाल, वडासदस्य कृष्णबहादुर अधिकारीलगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए ।

भेलाले प्रधानाध्यापक दीपक देवकोटाले प्रस्तुत गरेको २०७९ सालको भौतिक, आर्थिक, शैक्षिक प्रतिवेदन तथा आगामी कार्ययोजना पारीत गरेको छ ।

२०७९ सालको तहगत (कक्षा १-५) मा सर्वोकृष्ठ सिकाई उपलब्धी प्राप्त गराउन सफल शिक्षक निर्मला घिमिरे, कक्षा ६-८ मा श्रीराम लुईंटेल र कक्षा ९-१० बाट प्रमोदकुमार दाहाललाई सम्मानित गरिएको थियो ।

# प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनीको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडामा प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी-२०८० आयोजनाको तयारी थालिएको छ । मकवानपुर उद्योग वाणिज्य संघको महिला उद्यमी विकास समितिले आगामी २ चैतबाट गर्न लागेको प्रदर्शनी आठौं हो ।

बुधबार पत्रकार सम्मेलन गरेर समितिले ११ वर्षपछि ‘पर्यटन, कृषि, लघु उद्यमशीलता-महिला सहभागिता आजको आवश्यक्ता’ भन्ने नाराका साथ प्रदर्शनी गर्न लागिएको जानकारी दिएको छ । महिला उद्यमी विकास समिति सभापति अंकिता सुमार्गीले प्रदर्शनीले महिलाको उद्यमशीलताको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइन् ।

प्रदर्शनीमा महिला उद्यमीको हस्तकलाका उत्पादन, अन्य वस्तु तथा सेवाको प्रदर्शनी साथै कृषि सम्बन्धी स्टल रहने उनले बताइन् । ३ चैतसम्म हेटौंडाको पल्पसा सदनमा आयोजना हुने प्रदर्शनीमा ३७ वटा स्टल रहने र मकवानपुर, सिन्धुली, चितवन, काठमाडौं, नुवाकोट, ईटहरीदेखिका उद्यमीबाट स्टल बुक भएको समेत सुमार्गीले जानकारी दिएकी छन् । मकवानपुरका उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रदर्शनीमा नि:शुल्क प्रदर्शनी तथा अवलोकनको व्यवस्था गरिएको समितिले जनाएको छ । प्रदर्शनी अवधिभर महिला उद्यमीको बस्तु तथा सेवाको प्रदर्शनी तथा बिक्री, कृषि उपजको प्रदर्शनी तथा बिक्री, स्थानीय कलाकारको दैनिक मनोरञ्जनात्मक प्रस्तुति, महिला उद्यमीको सफलताको कथा प्रस्तुति, महिला उद्यमशीलतालगायत विषयमा प्यानल छलफल, कृषि सम्बन्धी खुल्ला अन्तक्रिया हुनेछ ।

# विशेष समितिको प्रतिवेदन प्रदेशसभाबाट सर्वसम्मत पारित

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ बागमती प्रदेशसभाबाट आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समितिको प्रतिवेदन सर्वसम्मत पारित भएको छ ।

बुधवार बसेको प्रदेश सभाको बैठकमा सभामुख भुवनकुमार पाठकले विशेष समितिको प्रतिवेदनलाई प्रदेश सरकाबाट कार्यानवयन गर्न सर्वसम्मतिबाट पारित भएको घोषणा गरे ।

बैठकमा प्रदेशसभाका सदस्यहरु क्रमश: केशवप्रसाद पोखरेल, मधुकुमार श्रेष्ठ र भरतबहादुर केसीले विशेष समितिको प्रतिवेदनमाथिको छलफलमा सहभागिता जनाएका थिए ।

उनीहरुले प्रदेशलाई सुशासन, जनताप्रति जवाफदेही र सन्तुलित बजेटलाई अब निरन्तरता दिन आवश्यक भएकोले प्रतिवेदन सबै संसदको साझा सम्पति भएको उल्लेख गरेका थिए ।

प्रदेश सरकारलाई बजेटमा पारदर्शी र निष्पक्ष ढंगबाट जनताको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्ने सम्वाहक भएको उनीहरुले उल्लेख गरे । विशेष समितिको प्रतिवेदन पारित भएसँगै प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।

# उद्यमशीलता विकास तालिमको समापन

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडा उपमहानगरपालिका-१३, स्थित महिला मिलन बचत तथा ऋण सहकारी संस्थाद्वारा आयोजित उद्यमशीलता विकास तालिमको समापन भएको छ ।




१३ नम्वर वडा कार्यालयको सहयोगमा गत शुक्रवार देखि सञ्चालन भएको पाँच दिने उद्यमशीलता तालिम मंगलवार एक कार्यक्रमबीच सम्पन्न भएको हो । २२ जनाको सहभागितामा भएको तालिममा उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर शाखाप्रमुखम लेखमान राउत क्षेत्रीले कसरी व्यवसाय गर्ने र कुन तरिकाले व्यवसाय गर्दा सफल भइन्छ भन्ने विषयमा प्रशिक्षण दिइएको थियो ।

तालिममा घरेलु उद्योग दर्तादेखि व्यवसायका सम्पूर्ण विषयवस्तुका बारेमा जानकारी गराइएको थियो । महिला मिलन बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष मीना थापाको सभाध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा १३ नम्वर वडाका वडाअध्यक्ष पेम्वा लामाको प्रमुख आतिथ्यता एवम् जिल्ला बचत तथा ऋण सहकारी संघकी कोषाध्यक्ष विष्णुमाया लामाको विशेष आथित्यता रहेको थियो ।

# २४ घण्टामा १६ स्थानमा आगलागी

काठमाडौं, ३० फागुन/ देशका विभिन्न स्थानमा गएको २४ घण्टामा १६ स्थानमा आगलागी र ९ स्थानमा डढेलोको घटना भएको छ । घटनामा मानवीय क्षति भने हुन नपाएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार बाजुरा, भोजपुर, पाँचथर, धनकुटा, गोरखा, झापा, सप्तरी, तेह्रथुम, सिराहा, भक्तपुर, मकवानपुर, धनुषा, धादिङ, पाल्पा र इलामका विभिन्न स्थानमा आगलागीका घटना भएका थिए ।

त्यस्तै पर्वत, कास्की, रामेछाप, तेह्रथुम, सोलुखुम्बु, गुल्मी, धनुषा, धनकुटा र खोटाङका विभिन्न स्थानका जंगलमा डढेलो लागेको थियो । आगलागी र डढेलोबाट अनुमानित ५९ लाख ३७ हजार ९ सय रुपैयाँ बराबरको धनमाल क्षति भएको प्राधिकरणले जनाएको छ । स्थानीय प्रहरी, सशस्त्र प्रहरी, सेना र सर्वसाधारणको प्रयासबाट आगलागी र डढेलो नियन्त्रण गरिएको जानकारी प्राधिकरणकी प्रवक्ता गोमादेवी चेम्जोङले दिइन् ।


## सार्वजनिक सुनुवाई

महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा. लि उद्योगको क्षमता अभिवृद्धिको निमित्त हुन गईरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रर्योजनार्थ तल उल्लेखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवालाको उपस्तिथिको लागि अनुरोध छ।

**मिति** : २०८०/१२/०४ गते आइतबार
**समय** : बिहान ११:००
**स्थान** : हेटौंडा औधोगिक क्षेत्र,
हेटौंडा -०८, मकवानपुर, उद्योग परिसर

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को नियम ६ संग सम्बन्धित

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

(प्रकाशित मिति २०८०/१२/०१)

मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर, बागमती प्रदेश, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर सम्पर्क नं. ९८५५०७६६४०, इमेल: raksirang.rmc@gmail.com |
| प्रस्तावको व्यहोरा | • मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिकाको पाङथली मनोरन्जन जलाशय पार्कनिर्माण गर्ने<br>• पाङथली खोलामा बाँध बाँधी पोखरी बनाइ जलक्रिडा लगायत मनोरन्जनात्मक कार्यहरु गर्ने |
| प्रभाव पर्न सक्ने स्थान/वडा | राक्सिराङ्ग गाउँपालिका ६र ८ वडाहरु |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका ६ र ८ नम्बर वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, वन उपभोक्ता समूह तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र देहायको ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| गाउँ कार्यपालिकाको कार्यालय,<br>राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर<br>सम्पर्क नं. ९८५५०७६६४०,<br>इमेल: raksirang.rmc@gmail.com | एस टिम कन्सल्टेन्सी सर्भिसेज<br>हेटौंडा उ.म.न.पा. २, मकवानपुर<br>सम्पर्क नं. ०५७-५२४७९६<br>इमेल: consultancysteam@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI०००३३६७ | शारदा चौधरी | जब्दी-०५, सर्लाही |

## नवीकरण सम्बन्धी सूचना

नेपाल निर्माण व्यवसायी महासंघको आयोजना तथा निर्माण व्यवसायी संघ मकवानपुरको सह आयोजकत्वमा नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मिति २०८० चैत्र १६ र १७ गते गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८० चैत्र ७ गते सम्ममा २०८०/०८१ को अनिर्वाय रुपमा यस संघमा नविकरण गराउनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, २५ औं बार्षिक साधारण सभामा सहभागी हुन अनिर्वाय नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार तोकिएको समय भित्रमा नवीकरण गर्नु गराउनु हुन सम्पूर्ण नवीकरण हुन बाँकी रहेका फर्म/कम्पनीहरुलाई समेत यसै सूचना मार्फत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना